# लालबन्दी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**लालबन्दी, सर्लाही, प्रदेश नं. २, नेपाल**

# रोजगार संयोजक र प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०९/२१**

यस लालबन्दी नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि रोजगार संयोजक र प्राविधिक सहायक पद करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा तोकिएको दस्तुर बुझाएको नगदी रसिद सहित दरखास्त पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७८/०७९ | रोजगार संयोजक | स्थानीय सेवाको अधिकृत छैटौं तह सरह | १ | |
| २ | ०२/०७८/०७९ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ | |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**

| रोजगार संयोजकको लागि | प्राविधिक सहायकको लागि |
|---|---|
| (क) शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।<br>(ख) अनुभव र सीप :<br>• कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,<br>• नेपाल सरकारद्वारा संचालित कार्यक्रम वा साविक स्थानीय निकाय वा हालको स्थानीय तहमा रोजगार संयोजक भई काम गरेको वा अन्य सरकारी/गैह्र सरकारी संस्थामा सोही प्रकृतिको अनुभव भएका उम्मेदवारहरुलाई विशेष प्राथमिकता दिईने छ । | (क) शैक्षिक योग्यता : सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।<br>(ख) अनुभव र सीप :<br>• कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,<br>• पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको । |
| (ग) उमेर : कम्तीमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको | (ग) उमेर : कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको |
| (घ) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरीने गरी कुनै कारवाही नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको | |

२. दरखास्त दिने स्थान : लालबन्दी नगर कार्यपालिकाको कार्यालय, लालबन्दी, सर्लाही ।

३. दरखास्त दिने अन्तिम मिति : २०७८/१०/०५ (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।)

४. आवेदनको दस्तुर : (क) रोजगार संयोजकको लागि रु.१०००/-
(ख) प्राविधिक सहायकको लागि रु.४००/-

५. छनौटको किसिम : प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परीक्षा, अन्तर्वार्ता

६. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७ सेवा सुविधा :- प्रचलित स्केल बमोजिम ।

८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरण : रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्वन्धी मापदण्ड, २०७६ र प्राविधिक सहायक सम्वन्धी पदपूर्ति सम्वन्धी प्रक्रियामा उल्लेख भए बमोजिम ।

**नोट :** दरखास्त आवेदनको ढाँचा र पदको कार्य विवरण लगायत अन्य जानकारी **https://www.facebook.com/lalbandimun, www.lalbandimun.gov.np, www.pmep.gov.np** मा उपलब्ध छ । थप जानकारीको लागि ०४६-५०११०० मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**